**Somerville शहरको खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रम**

**Somerville, Massachusetts**

City of Somerville
Food Waste Collection


## निःशुल्क खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रम - East Somerville

हाल यो कार्यक्रम East Somerville का 6 वा सोभन्दा कम युनिट भएका र पहिले नै कर्बसाइड कम्पोस्टिङ सेवा प्राप्त नगरिरहेका योग्य घरपरिवारहरूका लागि उपलब्ध छ । यस पाइलट कार्यक्रममा सीमित घरपरिवार मात्र सामेल हुन सक्ने छन् । 2027 को मध्यसम्म यस पाइलट कार्यक्रम मार्फत नि:शुल्क सेवा प्रदान गरिने छ ।

**[Somerville शहरको खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि योग्यता जाँच गर्न यहाँ क्लिक गर्नुहोस्]** https://account.garbagetogarden.org/user/sign-up

पाइलट कार्यक्रममा भाग लिएर, तपाईं Garbage to Garden लाई तपाईंको सम्पर्क विवरण र तपाईंको सहभागिताको बारेमा सङ्कलन गरिएको अन्य विवरण Somerville शहरलाई प्रदान गर्न अनुमति दिन सहमत हुनुहुन्छ । Somerville शहरले Somerville मा खाद्यजन्य फोहोर सङ्कलन कार्यक्रमहरू सुधार गर्न तपाईंलाई वैकल्पिक सर्वेक्षणहरू इमेल गर्न सक्ने छ ।

कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि योग्य East Somerville टोलको विस्तृत नक्सा:




Somerville शहरले कम्पोस्टिङमा समुदायको रुचि, भविष्यमा कार्यक्रम कसरी विस्तार गर्न सकिन्छ र समुदायको स्वास्थ्य, वातावरणीय र दिगोपन लक्ष्यहरूमा कार्यक्रमले पार्ने प्रभावलाई अझ राम्रोसँग बुझ्नका लागि एक पाइलट कार्यक्रमलाई आर्थिक सहयोग प्रदान गरिरहेको छ। यो पाइलट कार्यक्रम पहिले कम्पोस्ट मल बनाउने मौका नपाएका घरपरिवारहरूमा केन्द्रित छ।

Somerville को कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमले कसरी काम गर्दछ:

1. साइन-अप फाराममा आफ्नो ठेगाना प्रविष्ट गर्नुहोस् र त्यसपछि दिइएका Somerville को कर्बसाइड खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि योग्यता प्रश्नहरूको उत्तर दिनुहोस् ।

2. तपाईंको परिवार योग्य भएमा, साइन-अप फाराममा तपाईंलाई नि:शुल्क पाइलट कार्यक्रममा सामेल हुने बारेमा जानकारी प्रदान गर्ने छ र Garbage to Garden ले तपाईंको स्टार्टर किटको डेलिभरी र सेवा सुरु हुने मितिसम्बन्धी विवरण सहित इमेल मार्फत तपाईंको नामाङ्कन पुष्टि गर्ने छ ।

3. तपाईंको नामाङ्कन पुष्टीकरण इमेलमा तपाईंको सेवा सुरु हुने मिति उल्लेख गरिएको हुने छ । सामेल हुनुभएको दुई हप्ताभित्र सेवा सुरु हुने छ । यस कार्यक्रममा सीमित घरपरिवारमात्र सामेल हुन पाउने छन्; तपाईंलाई प्रतीक्षासूचीमा समावेश गरियो भने, तपाईंले सेवा प्राप्त गर्न सुरु गर्न सक्ने भएपछि तपाईंलाई सूचित गरिने छ । सेवाहरू 2027 को मध्यसम्म प्रदान गरिने छ ।

4. बिदाले गर्दा ढिलाइ हुने नभएसम्म, तपाईंको नियमित फोहोर र रिसाइक्लिङ सङ्कलन दिनमा फोहोर सङ्कलन गरिने छ ।

स्टार्टर किटमा के-के समावेश गरिएको छ:

- साप्ताहिक कर्बसाइड सङ्कलन
- कर्बसाइड कम्पोस्ट बिन (बाहिरी)
- काउन्टरटप बिन (घरभित्र)
- कुहिने लाइनरको 1 रोल
- "निर्देशनहरू" सुरुवाती निर्देशिका

थप जानकारीको लागि, यहाँ पनि हेर्नुहोस्: https://www.somervillema.gov/foodwaste

**[Somerville शहरको खाद्यजन्य फोहोर सङ्कलन पाइलट कार्यक्रमका लागि योग्यता जाँच गर्न यहाँ क्लिक गर्नुहोस्।** **https://account.garbagetogarden.org/user/sign-up**

---

Somerville मा किन कम्पोस्टिङ गर्ने ?

- Somerville को शून्य फोहोर (Zero Waste) योजना र क्लाइमेट फर्वार्ड (Climate Forward) 2024 मा, Somerville शहरले 2030 सम्ममा शहरमा उत्पादन हुने फोहोरको मात्रा 30% र 2050 सम्ममा 90% घटाउने फोहोर डाइभर्सन लक्ष्य तय गरेको छ । Massachusetts मा, वनस्पति र जनावरको फोहोर र कुहिने कागजले नगरपालिकामा निस्कने ठोस फोहोरको लगभग 30% हिस्सा ओगटेको छ, त्यसैले नगरपालिकाको कम्पोस्टिङ कार्यक्रम यी लक्ष्यहरूतर्फको एक प्रमुख कदम हो ।
- Somerville शहरको उपभोगमा आधारित उत्सर्जन लगतसूची अनुसार, खाद्यजन्य फोहोरलगायत खाद्यान्न Somerville को सीमानाभित्र बासिन्दाहरूबाट उत्पन्न कार्बन उत्सर्जनको सबैभन्दा ठूलो एकल स्रोत हो, जसले यातायात र आवाससँग सम्बन्धित गतिविधिहरू जस्तै हिटिङ र आवासीय विद्युत खपतलाई पनि उछिनेको छ । खाना खेर नफाल्नु र घरपरिवारलाई चाहिने जतिमात्र खाद्य सामग्री खरिद गर्नु खाद्यान्न उत्सर्जनबाट बच्ने सबैभन्दा सजिलो र लागत-प्रभावी तरिकाहरूमध्ये एक हो ।
- हरेक 3 घरपरिवारले एक वर्षसम्म कम्पोस्टिङ गर्दा इन्सिनरेटर र ल्यान्डफिलबाट लगभग 1 टन खाद्यजन्य फोहोर हटाउने छन्, जसले गर्दा जलवायु प्रदूषण न्यूनीकरण गर्दछ र वायुको गुणस्तरमा सुधार हुन्छ ।
- तयारी कम्पोस्ट मलले स्थानीय माटोलाई समृद्ध बनाउँछ, जसले बगैँचा र हरियालीयुक्त स्थानहरूलाई टेवा प्रदान गर्दछ ।

- कम्पोस्टिङ गरेर, तपाईंले आफ्नो फोहोरबाट खाद्यजन्य फोहोर हटाउनुहुन्छ, जसले गर्दा फोहोर राख्ने बिनहरू सफा, गन्धरहित हुन्छन् र मुसाहरू आकर्षित हुन नदिन मद्दत गर्दछन् ।
- एकसाथ, हामी अझ दिगो Somerville निर्माण गर्दै छौँ - एक पटकमा एक कदम अगाडि बढ्दै ।